बान्नीगढी जयगढ गाउँपालिका
(Bannigadhi Jayagadh Rural Muncipality)
# गाउँ कार्यपालिकाको कार्यालय
(Office Of The Rural Municipal Excutive)
जयगढ, अछाम
(Jayagadh, Achham)

☎ ९८५७६४५६४६, ९८५७६४५६४८

सुदूरपश्चिम प्रदेश, नेपाल
(Sudurpachim Province, Nepal)

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-

## दररेट पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति:२०८३/०१/३०

सूचना नं.:०३

१.बान्नीगढी जयगढ गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्य सिलबन्दि दरभाउ पत्र मार्फत गर्नुपर्ने भएकाले इच्छुक फर्म/सप्लायर्स/उत्पादक कम्पनीहरुले यो सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र सिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:-**

| क्र.स. | विवरण | कबोल रकम (मु.अ.कर सहित) | दररेट पेश गर्ने अन्तिम मिति, समय र स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | न्यानो झोला खरिद | १०७९९९.९८ | मिति:२०८३/०२/०५ कार्यालय समयभित्र स्थान:बान्नीगढी जयगढ गा.पा. जयगढ अछाम | |

२. दररेट पेश गर्ने फर्म/सप्लायर्स/उत्पादक कम्पनीहरुले अनिवार्य रुपमा दररेट पेश गर्ने बेहोराको लिखित निवेदनसहित नविकरण भएको फर्म/सप्लायर्स/उत्पादक कम्पनीहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।

३. BOQ का साथै फर्म सम्बन्धित कागजातहरु सिलबन्दी गरी यस कार्यालयमा पेश गर्नुपर्ने छ। ईमेल वा अन्य माध्यमबाट सिलबन्दी नभई पेश भएको दरभाउपत्र मान्य हुनेछैन।

४. उक्त कार्यको लागि आवश्यक BOQ यस कार्यालयको वेवसाइट www.bannigadhi.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ।

५. BOQ मा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेखेर पेश गर्नुपर्नेछ। यदि BOQ मा केरमेट भएको दररेट मुल्याङ्कनमा समावेश गरीने छैन।

६.सामाग्रीको स्पेसिफिकेशन सम्बन्धी सम्पूर्ण विवरण यसै साथ संलग्न गरिएको छ।

७. दरभाउ स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्यालयलाई हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

# Bannigadhi Jaygadh Rural Municipality
## Office of the Rural Municipal Executive
Jaygadh, Achham
Sudurpashchim Province, Nepal

## BOQ

बान्नीगढी जयगढ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जयगढ, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

**Project Name : न्यानो झोला खरिद**

**FY. 2082/083**

**Location : Bannigadhi Jayagadh RM , Achham**

| S.N | Particular | Brand | Quantity | Unit | Rate | Amount | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1.0 | काठको र्‍याक | यसैसाथ संलग्न गरिए बमोजिम | १२० | Pcs. | | | |
| | | | | | Total Amount | | |
| | | | | | 13% Vat Amount | | |
| | | | | | Grand Total Amount | | |

*In Words :-*
*Authorised Signature :-* ......................................................................................
*Name* :- ......................................................................................
*Designation* :- ......................................................................................
*Firm's Name* :- ......................................................................................
*Office Seal* :- ......................................................................................
*Date* :- ......................................................................................

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | |
|---|---|
| | ✓ १२ हप्ता पछिको (D&E र MI) सेवाको लागि प्रति केस रु २०००।<br>✓ अन्य स्थानबाट वा आफै गर्भपतन भई समान्य जटिलताको व्यवस्थापन गर्न पर्ने भएमा गर्भपतन पश्चातको सेवा (PAC) को लागि प्रति केशको रु ४०००।<br>नोट: Incomplete गर्भपतन भई जटिलता नभएको अवस्थामा MVA/Medical management गरे वापत ईकाई मूल्य रु ८०० दावी गर्न सकिनेछ।<br>इकाई मुल्य बापत स्वास्थ्य संस्थालाई प्राप्त रकम निम्नानुसार खर्च गर्नुपर्ने छ।<br>✓ सुरक्षित गर्भपतन सेवाका लागि आवश्यक औषधी (Combipack) खरिदका लागि ८० प्रतिशत र सेवा प्रदायकका लागि २० प्रतिशत<br>✓ उपकरण खरीद (MVA/ Cannula लगायत संक्रमण रोकथाम, सामान्य जटिलता तथा अन्य व्यवस्थापनका लागि ७० प्रतिशत र सेवा प्रदायकलाई २० तथा सहयोगीलाई १० प्रतिशत<br>माथि उल्लेखित उत्प्रेरणा वापतको रकम स्वास्थ्य संस्थाको व्यवस्थापन समितको निर्णय अनुसार बाँडफाँड गर्नु पर्नेछ।<br>माथि उल्लेखित उत्प्रेरणा वापतको रकम स्वास्थ्य संस्थाको व्यवस्थापन समितको निर्णय अनुसार बाँडफाँड गर्नु पर्नेछ।<br>नोटः<br>• गम्भिर जटिलता व्यवस्थापन गर्नु पर्ने भएमा आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिकामा अनुसार निशुल्क सेवा प्रदान गर्नुपर्ने छ।<br>• आफ्नो कार्यक्षेत्र भित्रका स्वास्थ्य संस्थाहरूको लागि विनियोजित रकम अपुग भएकोअवस्थामा प्रदेश स्तरबाट बजेट व्यवस्थापन गरि निरन्तर निशुल्क सेवा प्रदान गर्न सकिनेछ।<br><br>**न्यानो झोला कार्यक्रम :**<br>नोटः न्यानो झोलाको हकमा साबिकका जिल्ला अस्पतालहरू, तथा स्थानीय तह अन्तर्गतका सरकारी अस्पतालहरू लागि मात्र बजेट बिनियोजन गरिएको छ। न्यानो झोला खरिदको specification तपसिल बमोजिम छः<br><br>**ईकाई मूल्यः** प्रत्येक न्यानो झोलाका लागि हिमाली जिल्लामा रु. १०००।— तथा पहाडी/तराई जिल्लाका लागि रु. ९००।— का दरले बजेटको व्यवस्था गरिएको छ। अस्पतालहरूले सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार तोकिएको Specification अनुसारको न्यानो झोला खरिद गर्नु पर्नेछ। न्यानो झोला आपूर्ति भै सकेपछि अस्पतालहरूले Specification अनुसार गुणस्तर भए नभएको एकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई भुक्तानी दिनु पर्नेछ।<br><br>**न्यानो झोलामा हुनु पर्ने मापदण्डः** यो न्यानो झोलामा नवजात शिशुका लागि नरम फलाटीनको २ वटा टोपी, २ वटा पेटे भोटो (नरम मलमलको भित्री), २ वटा दौरा -, एउटा न्यापिर (एकातर्फ प्लाष्टिक र अर्को तर्फ फलाटिनको कपडा भएको) र आमालाई एउटा गाउन हुनु पर्नेछ। न्यानो झोलामा प्रयोग हुने फलाटिन कपडाको गुणस्तर कम्तीमा १२० GSM को १०० प्रतिशत cotton |



CamScanner

हुनुपर्नेछ। भित्री भागमा प्रयोग हुने कपडा सुति नरम १०० प्रतिशत कटन हुनु पर्ने।



**गाउनको नमूनाः न्यानो झोलामा हुने लुगाहरूको नाम र Specification**

| गाउन | बच्चाको भोटो |
|---|---|
| लम्बाई: ५१ इन्च<br>मोटाई :४२ इन्च<br>तिरा :१६ इन्च<br>बाहुलाको लम्बाई :१७ इन्च | लम्बाई ११ इन्च<br>छाती :२० इन्च |

- Anti-D सम्बन्धमा
  - आमालाई Anti-D दिनुपर्ने अवस्थामा कम्तिमा २४ घण्टा सम्म अरु आमा झैं स्वास्थ्य संस्थामा राख्नु पर्नेछ।
  - Anti-D सुई मात्र लगाउनका लागि रेफर भई आएका आमाहरूलाई २४ घण्टा नपुगेको अवस्थामा रेफर भई आएको वा सुत्केरी भएको संस्थामा पूर्ण समय राख्नु पर्नेछ।
  - Anti-D सुई निशुल्क उपलब्ध गराउनु पर्ने छ।

| | |
|---|---|
| अभिलेख प्रतिवेदन | कार्यक्रमको प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा अभिलेख राख्नुपर्नेछ र सोको बोधार्थ परिवार कल्या महाशाखामा पठाउनु पर्नेछ। |
| सन्दर्भ सामग्री | आमा सुरक्षा तथा नवाजात शिशु निर्देशिका २०७८, ANC to PNC continuum of care guideline, सुरक्षित गर्भपतन सेवा निर्देशिका २०७८, जनस्वास्थ्य नियमावली २०७७ |

**SNCU कार्यक्रमको लागि स्वास्थ्य उपकरण खरिद**

| | |
|---|---|
| परिचय | SNCU को लागि स्वास्थ्य उपकरण आवश्यक रहेकोले, SNCU को आवश्यकता अनुसार उपकरण खरिदका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | SNCU को लागि आवश्यक पर्ने स्वास्थ्य उपकरण उपलब्ध गराई नियमित SNCU सेवा उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | SNCU मा आवश्यक उपकरण उपलब्ध गराई सेवामा नियमितता गर्ने तथा सेवाको गुणस्तर बढाउने |
| सञ्चालन प्रकृया | • कार्यक्रम तथा बजेट उपलब्ध हुने अस्पतालले आफ्नो अस्पतालमा आवश्यक भएका स्वास्थ्य उपकरणको विवरण अध्यावधिक गर्ने।<br>• अध्यावधिक विवरण अनुसार बजेटको परिधिभित्र रहेर प्राथमिकताका आधारमा खरिद गर्नु पर्ने विवरण तयार पार्ने।<br>• तयार भएको विवरण अनुसार प्रकृया पुर्याई जति सक्यो छिटो खरिद गरि सेवा प्रवाह गर्ने। |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछी सम्वन्धित स्थानीय तह, स्वास्थ्य निर्देशनालय तथा परिवार कल्याण महाशाखामा जानकारी गराउने |
| सन्दर्भ सामग्री: | सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ |



CamScanner